नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान व्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं।

पत्र संख्या:(२०८३/०८४)
प्रा.प.सं.:

प्रेस विज्ञप्ती - २१

"प्रधानमन्त्रीको प्रमुख सल्लाहकारको नाम तथा पदको दुरुपयोग गरी ठगी गर्ने मानिस पक्राउ"

नेपालबाट ईजरायलमा केयर गिभरको लागि कामदार लैजाने भनि नेपाल सरकार र ईजरायल सरकार बीच भएको Government to Government (G to G) सम्झौता बमोजिम बैदेशिक रोजगारीको लागि नेपालबाट ईजरायल पठाउन नेपाल सरकारले सन् २०२४ मा लिएको परीक्षामा सम्मिलित परिक्षार्थी मध्ये ईजरायल जान लक्की ड्रमा नपरेका मध्ये १५६ जना व्यक्तीहरुलाई भरत चौलागाई तथा बालिका सिवाकोटी समेतका व्यक्तीहरुले प्रधानमन्त्रीको प्रमुख सल्लाहकारको नाम तथा पदको दुरुपयोग गरी प्रति व्यक्ती रु. ६,२०,०००।– (छ लाख बीस हजार) लिई ईजरायल पठाई दिने भनि विश्वास दिलाई, झुक्याई पीडितहरुबाट जम्मा रु.२,५०,००,०००।– (दुइ करोड पचास लाख) लिई बेइमानी पूर्वक ठगी गरेको सम्बन्धमा कानूनी कारबाहीको लागि पीडितहरुको जाहेरी दरखास्त प्राप्त भई निज कसूरदारहरु मिति २०८३/०६/०१ गते पक्राउ परी मुलूकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को ठगी सम्बन्धी कसूरमा सम्मानित काठमाडौं जिल्ला अदालतबाट कानुन बमोजिम म्याद थप अनुमति लिई यस व्यूरोबाट थप अनुसन्धान भइरहेको।

पक्राउ व्यक्तिहरु

१. रामेछाप जिल्ला सुनापति गा.पा. वडा नं. १ घर भएका वर्ष ५९ को भरत चौलागाई।
२. दोलखा जिल्ला कालिन्चोक गा.पा. वडा नं. ८ घर भएकी वर्ष ३२ की बालिका सिवाकोटी।

सूचना अधिकृत
अनुपम शमशेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरीक्षक)
सम्पर्क नं.९८५१२९१३११

मिति २०८३/०६/०२ गते।
नेपाल संवत् : ११४६